apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्षः १२ ● अंकः २१२ ● पृष्ठः ४ ● ०२ भदौ २०८३ मंगलबार (18 August 2026. Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/



समाचार पृष्ठ ३

प्रधानमन्त्री शाहसँग भदौ १० मा सांसदको प्रश्नोत्तर

## सिरहाका विभिन्न सीमा क्षेत्रबाट २६ लाख रूपैयाँभन्दा बढीका सामान बरामद



**शुभ नारायण कामती**
**सिरहा, भदौ ०१ गते**

सशस्त्र प्रहरीले सिरहाका विभिन्न सीमा क्षेत्रबाट नेपाल-भारत दुवैतर्फ अवैध रूपमा ओसारपसार भइरहेको अवस्थामा २६ लाख २९ हजार ९ सय ९३ रुपैयाँ बराबरका विभिन्न सामान बरामद गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर, सिरहाका अनुसार सीमा क्षेत्रमा खटिएको टोलीले नेपालबाट भारततर्फ अवैध रूपमा लैजाँदै गरेको तथा भारतबाट नेपालतर्फ अवैध रूपमा ल्याउँदै गरेको अवस्थामा ती सामान बरामद गरेको हो।

बरामद सामानमा मोटरसाइकल, लत्ताकपडा, कस्मेटिक सामग्री, किराना सामान, विभिन्न प्रकारका मदिरा, पेय पदार्थ, हार्डवेयर सामग्री तथा बीउबिजन रहेका छन्।

बरामद गरिएका सामानको कुल मूल्य २६ लाख २९ हजार ९ सय ९३ रुपैयाँ बराबर रहेको सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर, सिरहाका गणपति सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापा (क्षेत्री) ले जानकारी दिए।

उनका अनुसार बरामद गरिएका सबै सामान आवश्यक कानुनी प्रक्रिया पूरा गरी सिरहा भन्सार कार्यालयमा दाखिला गरिएको छ।

खुला सीमा क्षेत्रबाट हुने अवैध ओसारपसार तथा चोरी-पैठारी नियन्त्रणका लागि सशस्त्र प्रहरीले सीमा क्षेत्रमा निगरानी, गस्ती र चेकजाँचलाई निरन्तरता दिएको जनाएको छ।

## उपभोक्ता अदालत स्थापना गरिनुपर्छ : मन्त्री पटेल

**अपन दैनिक संवाददाता**
**वीरगञ्ज, भदौ ०१ गते**

मधेश प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री कनिश पटेलले वीरगञ्जमा उपभोक्ता अदालत स्थापना गर्नुपर्ने बताएका छन् । उपभोक्ता हित संरक्षणका लागि अदालत आवश्यक रहेको भन्दै उनले त्यसका लागि प्रदेश सरकारले आवश्यक भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाएका छन्।

उपभोक्ता हित संरक्षण मञ्च नेपालले वीरगञ्जमा आयोजना गरेको उपभोक्ता अदालत स्थापना तथा सञ्चालन र नसर्ने रोग रोकथामसम्बन्धी सरोकारवालासँगको अन्तरक्रियामा मन्त्री पटेलले उपभोक्ता अदालतको महत्वबारे आफूले बुझेको बताए।

उनले संघीय सरकारको निर्णय अनुसार प्रदेशमा उपभोक्ता हित संरक्षणसम्बन्धी ऐन निर्माणका लागि आफूले पहल सुरु गर्ने प्रतिबद्धता व्यक्त गरे। वीरगञ्जमा अदालत



स्थापनाका लागि मन्त्रालयले निर्वाह गर्नुपर्ने भूमिका पूरा गर्न आफू तयार रहेको उनको भनाइ थियो।

उपभोक्ता अदालत स्थापना भएपछि स्थानीय उत्पादनबाट ठगिएका उपभोक्तालाई क्षतिपूर्ति दिलाउन सहज हुने भए पनि आयातित वस्तुको गुणस्तर तथा नियमनलाई समेत प्रभावकारी बनाउनुपर्ने मन्त्री पटेलले बताए।

दैनिक उपभोग गर्ने वस्तु तथा

बाँकी पृष्ठ ३ ▸▸

## जनआस्थाका सम्पादक छाड्ने सर्वोच्चको आदेशमा छ- 'समाचारकै आधारमा थुन्न मिल्दैन'

**अपन दैनिक संवाददाता**
**काठमाडौं, भदौ ०१ गते**

जनआस्थाका प्रकाशक तथा सम्पादक किशोर श्रेष्ठ थुनिएपछि विभिन्न कोणबाट आएका क्रियाप्रतिक्रियालाई सर्वोच्च अदालतले संवैधानिक तथा कानूनी निरुपण गरिदिएको छ।

पत्रिकामा छापिएका कन्टेन्टको गुण र दोषबारे विभिन्न धारबाट टिप्पणी स्वभाविक भए पनि प्रतिशोधपूर्ण गिरफ्तारी अस्वाभाविक रहेको न्यायालयको मत छ।




सर्वोच्च अदालतले श्रेष्ठलाई छाड्ने आदेशमा सोमबार न्यायिक मत राख्दै समाचार प्रकाशित गरेकै आधारमा सञ्चारमाध्यमका सम्पादक एवं प्रकाशकहरूलाई गिरफ्तार गरी थुनामा राख्न नहुने स्पष्ट गरेको हो।

जनआस्था साप्ताहिकका प्रकाशक किशोर श्रेष्ठ पक्राउ परेपछि दायर भएको बन्दीप्रत्यक्षीकरणको निवेदनमाथि सुनुवाइपछि सर्वोच्च अदालतले नेपालको संवैधानिक एवं कानुनी व्यवस्थाहरू औंल्याउँदै प्रकाशक तथा सम्पादकहरूलाई पक्राउ गर्न नहुने भनेको हो।

न्यायाधीशहरू नहकुल सुवेदी र बालकृष्ण ढकालको इजलासले संक्षिप्त आदेशमार्फत भनेको छ, 'संवैधानिक तथा कानूनी व्यवस्थाको रोहमा सञ्चार माध्यममा समाचार प्रकाशित गरेकै आधारमा पत्रिकाका सम्पादक वा प्रकाशकलाई गिरफ्तार गरी थुनामा राख्न मिल्ने अवस्थाको विद्यमानता देखिँदैन।'

सर्वोच्च अदालतले पत्रकार श्रेष्ठलाई हाजिरी जमानीमा छाड्न वा तारिखमा राखी मुद्दाको अनुसन्धान गर्न जिल्ला प्रहरी परिसर काठमाडौंको नाममा आदेश जारी गरेको हो।

साथै सर्वोच्चले जनआस्थाको कार्यालय र पत्रकार श्रेष्ठको घरबाट बरामद भएका उपकरण र सञ्चार सामग्री तत्काल रिट निवेदक सरस्वती

बाँकी पृष्ठ ३ ▸▸

## सप्तरीमा दैनिक ९ जनासम्म सर्पदंशले पीडित, भुँइमै राखेर उपचार

**अपन दैनिक संवाददाता**
**राजविराज, भदौ ०१ गते**

सप्तरीको छिन्नमस्ता गाउँपालिका-३ सखडाकी ४५ वर्षीया पवित्रीदेवी शर्मा आइतबार धानखेत गोड्न गरिरहेकी थिइन्। बिहान ११ बजेतिर अचानक उनलाई सर्पले डस्यो। उनीसँगै काम गर्न खेत पुगेकाहरुले गुहार्दा खेतनजिकै ई-रिक्सा लिएर पुगेकाले उनलाई तत्कालै गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा ल्याएर भर्ना गरे।

शनिबार साँझ घरअगाड हिंडिरहेका राजविराज नगरपालिका-९ विहारपुरका १५ वर्षीय विष्णुकुमार मण्डललाई सर्पले डस्यो। सर्प डसेको थाहा पाउने वितिकै उनलाई पनि अस्पतालमा ल्याएर भर्ना गरियो। सोही राति घरको छतमा गइरहेकी राजविराज-१५ देउरी भरुवाकी १६ वर्षीया संगिताकुमारी यादवलाई पनि सर्पले डस्यो। उनी मामाघर विष्णुपुर गाउँपालिका-१ पर्साही पुगेकी थिइन्।



अत्यधिक गर्मीका कारण छतमा गइरहेकी संगितालाई भर्याङबाट छतमा नपुग्दै सर्पले डस्यो। राति ८ बजेतिर उनलाई पनि सोही अस्पताल ल्याइयो। अन्य रोगका उपचाररत विरामीले भरिभराउ रहेको अस्पतालको आकस्मिक कक्षमा तीनै जनालाई भुँइमै राखेर उपचार गरिएको थियो।

यहाँ अहिले सर्पले डसेर उपचारका लागि अस्पताल आउनेको संख्या बढ्दो छ। दैनिक ९ जनासम्म सर्पले डसेर उपचारका लागि अस्पताल आउने गरेको अस्पतालका सूचना

बाँकी पृष्ठ ४ ▸▸

## मधेश प्रदेशमा हाजिरी मात्र होइन कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ ०१ गते**

मधेश प्रदेश सरकारले कर्मचारीलाई हाजिर गरेकै आधारमा भत्ता दिने परिपाटि अन्त्य गर्दै वास्तविक कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गरेको छ । प्रदेश सरकारले 'कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्तासम्बन्धी कार्यविधि, २०८३' स्वीकृत गरी राजपत्रमा प्रकाशित गरेको हो।

नयाँ कार्यविधिअनुसार स्वीकृत दरबन्दीमा कार्यरत स्थायी कर्मचारीले सुरु तलब स्केलको १० प्रतिशतसम्म प्रोत्साहन भत्ता पाउनेछन्। तर भत्ता प्राप्त गर्न मासिक कार्यसम्पादन




मूल्याङ्कनमा १०० मध्ये कम्तीमा ७५ अंक ल्याउनुपर्नेछ।

कार्यसम्पादन मूल्याङ्कनमा पदीय जिम्मेवारीसँग सम्बन्धित कामका लागि ५० र वैयक्तिक तथा सार्वजनिक सेवा प्रवाहका लागि ५० अंक छुट्याइएको छ।

कर्मचारीले मासिक लक्ष्यसहित कम्तीमा पाँच मुख्य कार्यको प्रगति देखाउनुपर्ने व्यवस्था गरिएको छ। समयपालना, कार्यालयको लक्ष्य प्राप्तिमा योगदान, अभिलेख तथा प्रविधिमैत्री व्यवस्थापन, जिम्मेवारी फछ्र्यौट तथा सेवाग्राहीमैत्री व्यवहारलाई समेत मूल्याङ्कनको आधार बनाइएको छ।

अर्थमन्त्री युवराज भट्टराईले

बाँकी पृष्ठ ३ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३२
: ९८०१३२१७३२
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### मधेशको शिक्षामा गुणात्मक सुधारको खाँचो

शिक्षा ऐन निर्माणअघि शिक्षा तथा खेलकुद मन्त्रालयले देशका सातै प्रदेशमा सञ्चालन गरिरहेको 'शिक्षा संवाद' अभियान आफैंमा सकारात्मक पहल हो । नीति तथा कानुन बनाउने क्रममा काठमाडौंमा बसेर मात्र निर्णय गर्ने पुरानो प्रवृत्तिभन्दा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी र समुदायका प्रतिनिधिसँग प्रत्यक्ष संवाद गरेर सुझाव संकलन गर्नु लोकतान्त्रिक र व्यवहारिक अभ्यास हो। मधेश प्रदेशमा आयोजित संवाद कार्यक्रममा आठवटै जिल्लाबाट २११ जना शिक्षा क्षेत्रका सरोकारवालाको सहभागिता हुनु यस क्षेत्रको शिक्षाप्रतिको चासो र अपेक्षाको प्रमाण पनि हो। तर मधेशका लागि शिक्षा संवाद केवल सुझाव संकलन गर्ने औपचारिक कार्यक्रममै सीमित हुनुहुँदैन। मधेश प्रदेशको शिक्षा क्षेत्र लामो समयदेखि विभिन्न संरचनात्मक समस्याबाट प्रभावित छ । विद्यालयको भौतिक पूर्वाधार कमजोर हुनु, पर्याप्त शिक्षकको अभाव, शिक्षकको नियमितता र गुणस्तर, विद्यार्थीको विद्यालयमा निरन्तरता, कमजोर सिकाइ उपलब्धि, अभिभावकको न्यून सहभागिता तथा गरिबी र सामाजिक अवस्थाका कारण शिक्षाबाट वञ्चित हुने समस्या अझै चुनौतीका रूपमा छन्। कतिपय विद्यालयमा गर्मीको समयमा बालबालिकाले सहज वातावरणमा पढ्न सक्ने आधारभूत सुविधा समेत पर्याप्त छैन्।

त्यसैले नयाँ शिक्षा ऐनले प्रशासनिक संरचना र अधिकारको बाँडफाँट मात्र निर्धारण गर्नु पर्याप्त हुँदैन। विद्यालयमा बालबालिकाले गुणस्तरीय शिक्षा पाउने वातावरण कसरी सुनिश्चित गर्ने भन्ने विषय ऐनको केन्द्रमा हुनुपर्छ। शिक्षकलाई आवश्यक तालिम, प्रविधि र स्रोत उपलब्ध गराउँदै उनीहरूको पेशागत क्षमता अभिवृद्धि गर्नुपर्छ। प्रधानाध्यापकलाई विद्यालय नेतृत्वका लागि पर्याप्त अधिकार र जिम्मेवारी दिनुपर्छ । साथै शिक्षक, प्रधानाध्यापक र स्थानीय तहको कार्यसम्पादनलाई पारदर्शी र जवाफदेही बनाउने प्रभावकारी प्रणाली आवश्यक छ । मधेशको शिक्षा सुधारमा स्थानीय समुदायको भूमिका अझ महत्वपूर्ण छ। विद्यालयलाई समुदायबाट अलग राखेर गुणस्तरीय शिक्षा सम्भव हुँदैन । अभिभावक, स्थानीय बुद्धिजीवी, जनप्रतिनिधि र सामाजिक संस्थालाई विद्यालयको विकासमा जोड्नुपर्छ। विद्यालय व्यवस्थापन समिति र अभिभावकको सहभागिता कागजी प्रक्रियामा मात्र सीमित नराखी विद्यार्थीको सिकाइ, अनुशासन, उपस्थिति र विद्यालयको समग्र विकासमा प्रभावकारी बनाइनुपर्छ। मधेशमा बालबालिकाको भाषिक तथा सामाजिक विविधतालाई पनि शिक्षाले सम्बोधन गर्न आवश्यक छ। बालबालिकाले बुझ्ने भाषिक परिवेशलाई ध्यानमा राखेर प्रारम्भिक कक्षाको शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सकिए सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार ल्याउन सकिन्छ। त्यसैगरी विज्ञान, गणित, प्रविधि, व्यावसायिक तथा सीपमूलक शिक्षालाई प्राथमिकता दिँदै शिक्षालाई रोजगारी र जीवनोपयोगी सीपसँग जोड्नुपर्छ।

'शिक्षा संवाद'बाट प्राप्त सुझावलाई मन्त्रालयले गम्भीरतापूर्वक ग्रहण गरी नीति र कानुनमा समेट्नु अबको मुख्य परीक्षा हो। संवादमा बोल्ने अवसर दिनु मात्र पर्याप्त हुँदैन, त्यहाँ उठेका व्यावहारिक समस्याको समाधान पनि देखिनुपर्छ। विशेषगरी मधेशका विद्यालयको वास्तविक अवस्था अध्ययन गरी प्रदेश र स्थानीय तहअनुसार फरक आवश्यकता पहिचान गर्नुपर्छ।

मधेशको समृद्धिको आधार शिक्षा नै हो। शिक्षाको गुणस्तर सुधार नभएसम्म गरिबी, बेरोजगारी, सामाजिक पछौटेपन र असमानताको चक्र तोड्न कठिन हुन्छ। त्यसैले शिक्षा संवादलाई कानुन निर्माणको एउटा चरणका रूपमा मात्र नभई मधेशको शैक्षिक रूपान्तरणको अभियानका रूपमा अघि बढाउनुपर्छ। संवादमा उठेका आवाजलाई व्यवहारमा रूपान्तरण गर्दै विद्यालयमा पूर्वाधार, शिक्षकमा क्षमता, व्यवस्थापनमा जवाफदेहिता र विद्यार्थीको सिकाइमा सुधार ल्याउन सके मात्र 'गुणस्तरीय शिक्षा'को लक्ष्य सार्थक हुनेछ।

मधेशले अब शिक्षा सुधारको बहाना होइन, परिणाम खोजेको छ। शिक्षा संवादको यात्रा सकिएपछि असली यात्रा विद्यालयबाट सुरु हुनुपर्छ। किनकी मधेशका १३६ वटै स्थानीय तह साक्षर घोषणा हुन सकेको छैन्। त्यही भएर मधेश अझै फराकिलो ढंगवाट काम शिक्षा सुधारमा हुनुपर्छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।

# मधेश प्रदेशमा एक वर्षमै ४ पटक सत्ता परिवर्तन, ३० करोड खर्चिएर ६ वटा मात्रै विधेयक

मधेश प्रदेशसभाले पछिल्लो एक वर्षमा ३० करोड रुपैयाँभन्दा बढी खर्च गरेर जम्मा ६ वटा कानुन बनाउन सफल भएको छ। त्यसमध्ये ३ वटा बजेटसँग सम्बन्धित छन् भने बाँकी ३ वटा अन्य रहेका छन्।

गएको वर्ष अधिकांश समय प्रदेशसभामा सत्ता परिवर्तनको खेल बढी भएका कारण अपेक्षाकृत काम हुन नसकेको प्रदेशसभा सदस्यहरूको बुझाइ छ।

मधेश प्रदेशसभा सचिवालयका अनुसार गत वर्ष पारित भएका अन्य विधेयकहरूमा 'प्रदेश विकास खेलकुद विधेयक', 'बालिका संरक्षण विधेयक' र 'प्रदेश बाल अधिकार ऐन पहिलो संशोधन विधेयक' रहेका छन्। प्रदेशसभाबाट पारित भएका यी तीनवटै ऐनहरू ०८२ साउनमै प्रदेश प्रमुखबाट प्रमाणीकरण भई लागू भइसकेका छन्। बजेटसँग सम्बन्धित अन्य ३ वटा विधेयक यही असार मसान्तमा पारित भएका थिए।

प्रदेशसभाले दोस्रो कार्यकालको ४ वर्ष बितिसक्दा अहिलेसम्म जम्मा १७ वटा विधेयक र एउटा नियमावली मात्रै पारित गरेको छ। प्रदेशसभा सचिवालयका उपसचिव एवं सूचना अधिकारी सुरेन्द्र महतोले अहिलेको अधिवेशन चालु अवस्थामा रहेको बताउँदै गत आर्थिक वर्षमा हिउँदे र बजेट अधिवेशन गरी कुल ३७ वटा बैठक बसेको जानकारी दिए। उनका अनुसार गत वर्षको साउनमा ३ वटा विधेयक पारित भएको र त्यसको १०/११ महिनापछि असार मसान्तमा बजेटसँग सम्बन्धित ३ वटा विधेयक पारित भएका हुन्।

प्रदेशसभा सचिवालयका अनुसार गत वर्ष दर्ता भएका 'प्रदेश नीति आयोग गठन तथा कार्यसञ्चालन ऐन २०७५' लाई संशोधन गर्न बनेको विधेयक र 'गाउँसभा, नगरसभा, जिल्लासभाको कार्यसञ्चालन कार्यविधि ऐन २०७७' लाई संशोधन गर्न बनेको विधेयक विभिन्न समितिमा छलफल भएपछि फिर्ता भएका थिए।

त्यस्तै, प्रदेशसभामा दर्ता भई छलफलको क्रममा 'प्रदेश बीउबिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१', 'प्रादेशिक व्यापार तथा व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' र 'मधेस अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' रहेका छन्। उपसचिव महतोले चालु बजेट अधिवेशन अन्त्य नभइसकेकाले दर्ता भएका विधेयकहरूमाथि थप छलफल हुन सक्ने बताए।

महतोका अनुसार 'प्रदेश जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा बनेको विधेयक' र 'मधेश प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' प्रदेशसभामा दर्ता भइसके पनि टेबल हुन बाँकी नै छन्। पहिलो कार्यकालको तुलनामा यो कार्यकालमा मधेश प्रदेशसभाले निकै कम कानुन बनाउन सकेको छ। पहिलो कार्यकालमा ६६ वटा कानुन बनेका थिए तर दोस्रो कार्यकालको ४ वर्ष बितिसक्दा जम्मा १७ वटा विधेयक र १ वटा नियमावली मात्र पारित हुन सकेको छ।

राजनीतिक खिचातानी र सत्ता परिवर्तनको खेल धेरै हुँदा गत वर्ष प्रदेशसभाले सोचेजस्तो काम गर्न नसकेको प्रदेशसभाकी उपसभामुख बबिताकुमारी राउत ईश्वरले




बताइन्। उनले भनिन्, 'सत्ताको परिवर्तन र फेरबदलले गर्दा राम्रोसँग काम गर्न सकेनौं। यो नभइदिएको भए प्रदेशसभाले राम्रो काम गर्न सक्थ्यो। अर्को समस्या निम्तिनुको कारण जेनजी आन्दोलनको प्रभाव पनि रह्यो।'

प्रदेशसभा सचिवालयका अनुसार गत आर्थिक वर्षमा ३० करोड ३१ लाख ६३ हजार ६८६ रुपैयाँ खर्च भएको छ। प्रदेशसभाका लागि छुट्याइएको कुल ४६ करोड २३ लाख ८४ हजार बजेटको करिब ६५ प्रतिशत खर्च भएको हो।

सुशीला कार्की नेतृत्वको सरकार गठनपश्चात् रोकिएको स्वकीय सचिवहरूको तलब पनि यो वर्ष एकमुष्ट वितरण भएको छ भने जेनजी आन्दोलनको क्रममा भएको भौतिक क्षतिको पुनर्निर्माणको काम प्रदेशसभाको बजेटबाट नभई भौतिक पूर्वाधार मन्त्रालयबाट भएको सूचना अधिकारी महतोले बताए।

जनमत पार्टीका प्रदेश सदस्य चन्दन सिंहले सरकारले प्रदेशसभालाई 'बिजनेस' दिन नसक्दा यो वर्ष कानुन निर्माणको काम कम भएको बताए। उनले भने, 'सरकार आफैं कानुन निर्माण गर्न चाहँदैन भने कसरी विधेयक र कानुनहरू निर्माण हुन्छन्? सरकार मात्रै टिकाउने दाउमा लागेको यस सरकारलाई जनताको अपेक्षा र चाहनासँग केही मतलब नै छैन।' उनले कृष्णप्रसाद यादव नेतृत्वको सरकार संघीयता सबलीकरण गर्नुभन्दा पनि आफ्नो कुर्सी बचाउन मात्र लागेकै कारण मधेशी जनतामा निराशा छाएको आरोप लगाए।

**एक वर्षमै ४ पटक सत्ता परिवर्तन**

एक वर्षको अन्तरालमा मधेश प्रदेशमा ४ पटक सत्ता परिवर्तनको खेल भएको छ। गत भदौ २३ र २४ को आन्दोलनपश्चात् जनमत पार्टीका मुख्यमन्त्री सतीश सिंहलाई पार्टीले फिर्ता बोलाएपछि प्रदेशमा अस्थिरता निम्तिँदै गयो। उनलाई पार्टीले फिर्ता बोलाएपछि असोज १० गते राजीनामा दिन बाध्य भए।

त्यसपश्चात् लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का जितेन्द्रप्रसाद सोनलले अन्य पार्टीको समर्थन रहेको भन्दै असोज ११ गते प्रदेश प्रमुखबाट मुख्यमन्त्रीको शपथ लिए। तर संवैधानिक व्यवस्थाअनुरूप उनले विश्वासको मत प्राप्त गर्न नसक्दा १ महिने कार्यकाल पनि चलाउन नपाउँदै राजीनामा दिन बाध्य भए।

त्यसपछि कात्तिक ११ गते एमालेका सरोजकुमार यादव मुख्यमन्त्री बने। उनलाई काठमाडौं जाने क्रममा बर्दिबासको एक होटलमा शपथ गराएर मुख्यमन्त्री बनाएको भन्दै प्रदेश प्रमुख सुमित्रा कार्की र सभामुख रामचन्द्र मण्डलको सर्वत्र आलोचना भएको थियो। संविधानको धारा १६८ को उपधारा ३ बमोजिम सरकार बनाएको घोषणा गरे पनि अन्य दलको समर्थन जुटाउन नसक्दा असोज १७ गते यादव पनि राजीनामा गर्न बाध्य भए।

त्यसपछि असोज १९ गते विभिन्न सात दलीय गठबन्धनबाट कांग्रेस नेता कृष्णप्रसाद यादवको नेतृत्वमा बनेको सरकारले अहिले पनि निरन्तरता पाइरहेको छ। तर, वैशाखमा यो गठबन्धनबाट अन्य दल बाहिरिएपछि अहिले कांग्रेस, एमाले र नेकपाको गठबन्धनमा यो सरकार कायम छ। गत महिना केन्द्रमा बनेको नयाँ समीकरणलाई तोड्दै कांग्रेस पछाडि हटेपछि यादव नेतृत्वको सरकारको भविष्य पनि अन्योलमा परेको थियो।

तर, केन्द्रले पनि प्रदेशमै मिलाएर अघि बढ्न भनेपछि यो सरकारको सङ्कट टरेको छ। सत्ताधारी दलबाट अहिले प्रतिपक्षमा पुगेका जसपाका प्रदेशसभा सदस्य उपेन्द्र महतो प्रदेशको सत्ता पनि केन्द्रीकृत भूमिकाबाट सञ्चालित हुँदा झनै अन्योल थपिएको बताउँछन्। उनले भने, 'यो वर्ष प्रदेशसभाबाट हुनुपर्ने काम नहुनुको मुख्य कारण नै यही सत्ता भागबन्डा र हेरफेर हो। यो परम्परालाई तोड्न अब जनता पनि सचेत हुनुपर्छ।'

**महाभियोगबाट हटाइए सभामुख मण्डल**

नेपालको इतिहासमा पहिलो पटक प्रदेशसभाका सभामुखलाई दुई तिहाइको प्रस्तावमार्फत महाभियोग लगाएर हटाएको घटना पनि मधेश प्रदेशमै भयो। गत मङ्सिर ३ गते कुल १०७ सदस्य रहेको प्रदेशसभाको बैठकले सभामुख रामचन्द्र मण्डललाई पदमुक्त गरेको थियो। दुई तिहाइका लागि ७२ मत चाहिनेमा प्रस्तावको पक्षमा ७६ मत परेपछि उनी पदमुक्त भएका थिए।

मण्डलमाथि प्रदेशसभामा स्पष्ट बहुमत हुँदाहुँदै बर्दिबासको एक होटलमा एमाले नेता सरोजकुमार यादवलाई मुख्यमन्त्री बनाउन चलखेल गरेको, विपक्षी दलका नेताहरूलाई जबर्जस्ती कारबाही प्रक्रिया अगाडि बढाएको, सांसदहरूको किर्ते अनुपस्थिति र निष्कासनको हर्कत गरेको र एमालेको सरकार टिकाउन संविधानविरोधी काम गरेको लगायतका आरोप लगाइएको थियो।

**संघीयताले केही गरेन भन्नु राजनीतिक प्रोपोगान्डा : विश्लेषक जनकपुरी**

मुलुकमा संघीयताको बीउ रोप्ने जस मधेशलाई नै जान्छ। संघीयताकै लागि मधेशमा भएको विद्रोहमा सयौंले आफ्नो आहुति दिए, जसको परिणाम स्वरूप अहिले संविधानको प्रस्तावनामै 'संघीय लोकतान्त्रिक नेपाल' भनेर उल्लेख भएको छ। तर, त्यही संघीयतालाई थप बलियो बनाउन मधेशले सिकाउनुपर्नेमा यहाँका दलहरू आफ्नै रोटी सेक्न लागिपरेका छन्।

आफ्नो स्वार्थ परिपूर्ति गर्न वर्ष दिनमै सत्ता परिवर्तन र फेरबदलमा नेताहरू लाग्ने गरेका छन्। प्रदेशसभाले थप आर्थिक भार बढायो र यसलाई मुलुकले थेग्न सक्दैन भन्ने बहस चलिरहेकै बेला केन्द्रको सत्तासीन दलले प्रदेशसभा खारेजीको प्रस्तावसमेत ल्याउन खोजिरहेको छ।

गठबन्धनको सरकार भएकाले पनि सबैभन्दा पहिला आफ्नो कुर्सी कसरी बचाउने र अर्काको कुर्सी तानेर आफू कसरी त्यहाँ पुग्ने भन्नेमा मात्रै राजनीति सीमित हुँदा अहिले यो अवस्था आइपरेको राजनीतिक विश्लेषक एवं बुद्धिजीवी रोशन जनकपुरीको विश्लेषण छ।

'राजनीतिक दलहरू जनताप्रति प्रतिबद्ध नहुनु र आर्थिक लोभले ग्रस्त हुनु अहिलेको मुख्य समस्या हो,' उनले भने, 'संघीयतालाई मधेश प्रदेशले

बाँकी पृष्ठ ४ ▶▶

## आजको राशिफल

**मेष :** बिना प्रतिस्पर्धा फाइदा हुने योग छ। पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला।

**बृष :** आज शुभकार्यको चर्चा चल्नेछ। चलाखीपूर्ण बोलीले काम बन्न सक्छ र बन्धु बान्धवबाट सहयोग पनि मिल्नेछ।

**मिथुन :** आज मन खिन्न हुने स्थिति आउन सक्छ। प्रेममा मनमुटावका साथै मन कमजोर रहला।

**कर्कट :** आजको इच्छा र आकाङ्क्षा पूर्ण हुन सक्छ। जोशजाँगर र हिम्मत बढ्नेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ।

**सिंह :** आज सरकारी निकायको भय रहला। महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला।

**कन्या :** आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। पुनर्मिलनको योग रहेको छ। बन्धुबान्धवबाट सहयोग मिल्नेछ।

**तुला :** रमाइलो यात्राको योग रहेको छ। मानसम्मान र प्रशंसा प्राप्त हुने सम्भावना छ। नयाँ कार्यको योजना बन्नेछ।

**वृश्चिक :** आजको दिन प्रतिकूल समय छ, संयम रहनु होला। बोलीको विपरीत अर्थ लाग्न सक्छ।

**धनु :** समाज सेवामा मन लाग्नेछ। आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ। शैक्षिक क्षेत्रमा सफलता मिल्ला।

**मकर :** कुनै कुराले मन प्रसन्न रहला। कूटनीतिक नियोगको सहयोग मिल्नेछ।

**कुम्भ :** दाजुभाइ, दिदीबहिनीले तपाईंका सकारात्मक विचारलाई समर्थन गर्नेछन्। पुनर्मिलनको योग रहेको छ।

**मीन :** एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ। सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# बालेनलाई सिके राउतको सुझाव– सरकार चलाउने ढंग नभए मार्ग प्रशस्त गर्नुस्

**अपन दैनिक संवाददाता**
**काठमाडौं, भदौ ०१ गते**




जनमत पार्टीका अध्यक्ष डा चन्द्रकान्त (सीके) राउतले सरकारले शिक्षा, स्वास्थ्य र विद्युत जस्ता आधारभूत आवश्यकतामा कर लगाएर जनतालाई थप सास्ती दिएको आरोप लगाएका छन्।

सोमबार काठमाडौंमा 'डेडिकेटेड तथा ट्रंक लाइन'को बक्यौता महशुल उठाउन र विद्युतमा लगाइएको मूल्य अभिवृद्धि कर (भ्याट) खारेजीको माग गर्दै सुरु गरिएको वृहत हस्ताक्षर अभियानमा बोल्दै उनले यस्तो बताएका हुन्।

अध्यक्ष राउतले इतिहासमै पहिलोपटक वर्तमान सरकारले शिक्षा र स्वास्थ्यका साथै विद्युत जस्तो संवेदनशील क्षेत्रमा ५ प्रतिशत भ्याट लगाएको भन्दै आलोचना गरे।

नेपालले विद्युत उत्पादनमा गर्व गरिरहेको र निर्यातको कुरा गरिरहेको अवस्थामा आफ्नै नागरिकले खपत गर्दा कर तिर्नुपर्ने अवस्था आउनु विडम्बनापूर्ण भएको उनको तर्क छ।

लोडसेडिङ अन्त्य गरेर प्रमाणित गरिसकेका व्यक्तिहरू देशमा हुँदाहुँदै र १००० मेगावाट विद्युत् खेर गइरहेको अवस्थामा पनि सरकारले व्यवस्थापन गर्न नसक्नु असक्षमता भएको टिप्पणी गरे।

राउतले 'उज्यालो नेपाल'का संवाहक कुलमान घिसिङको योगदानको चर्चा गर्दै सरकार चलाउने ढङ्ग नभए विकल्प दिन आफूहरू तयार रहेको बताए। उनले कर फिर्ता नगरे सरकारले नैतिकताका आधारमा मार्गप्रशस्त गर्नुपर्ने समेत बताए।

उनले भने, 'जुनसुकै सरकार आए पनि शिक्षा, स्वास्थ्य र विद्युतमा सहुलियत दिने वाचा गर्थे, तर यो सरकारले तिनै आधारभूत कुरामा कर थोपरेको छ। विद्युतमा कर बढ्दा होटल, स्टुडियो, सैलुनदेखि विद्युतीय सवारी (ईभी) चार्ज गर्नेसम्मका सबै क्षेत्रमा महँगी बढेको छ। हिजो न्यूनतम ७००-८०० रुपैयाँ आउने विद्युत महशुल अहिले १००० भन्दा बढी पुगेको छ। एकातर्फ ग्यास पाइँदैन, अर्कातर्फ बिजुलीमा कर लगाइन्छ। जनता भोकै कति दिन बस्न सक्छने ? यो अवस्थाले ठूलो विद्रोह निम्त्याउन सक्छ।'

देशको समग्र अवस्थाप्रति चिन्ता व्यक्त गर्दै अध्यक्ष राउतले जनताले ग्यास, राहदानी र अस्पतालमा लामो लाइन बस्नुपर्ने बाध्यता रहेको औंल्याए।

प्रधानमन्त्रीको कार्यशैलीका बारेमा टिप्पणी गर्दै उनले प्रधानमन्त्रीलाई आफ्नै दल, कर्मचारी संयन्त्र र सल्लाहकारहरूबाट सहयोग नभएको र उनी घेराबन्दीमा परेको जस्तो देखिएको बताए। यस्तो तालमेल नमिल्ने अवस्थामा एक्लैले चमत्कार गर्न नसक्ने राउतको भनाई छ।

## मधेश प्रदेशमा हाजिरी मात्र होइन कार्यसम्पादनमा ..............

हाजिर गरेकै आधारमा अतिरिक्त भत्ता दिने अभ्यास अन्त्य गरी काम गर्ने कर्मचारीलाई प्रोत्साहित गर्न कार्यविधि ल्याइएको बताए। 'यसले कर्मचारीतन्त्रमा नतिजामुखी संस्कार विकास गर्नेछ। कार्यविधिले आगामी मङ्सिरदेखि विद्युतीय हाजिरी अनिवार्य गरेको छ। लामो समय काज, भ्रमण, तालिम वा बिदामा रहने तथा अनुशासन उल्लङ्घन गर्ने कर्मचारीलाई भत्ताबाट वञ्चित गरिनेछ' उनले भने।

मूल्याङ्कनका लागि तीन सदस्यीय परीक्षण इकाई गठन गरिनेछ। मूल्याङ्कनमा चित्त नबुझे तीन दिनभित्र पुनरावलोकनका लागि निवेदन दिन सकिने व्यवस्था गरिएको छ। फर्जी हाजिरी वा झुट्टा विवरणबाट भत्ता लिए रकम असुल गरी विभागीय कारबाही गरिने कार्यविधिमा उल्लेख छ।




# प्रधानमन्त्री शाहसँग भदौ १० मा सांसदको प्रश्नोत्तर

**अपन दैनिक संवाददाता**
**काठमाडौं, भदौ ०१ गते**

प्रतिनिधि सभामा प्रधानमन्त्री वालेन्द्र शाहसँग भदौ १० गते प्रश्नोत्तर कार्यक्रम राखिएको छ।

सोमबार प्रतिनिधि सभाको बैठकमा सभामुख डोलप्रसाद अर्यालले प्रधानमन्त्री शाहसँग प्रश्नोत्तर कार्यक्रम राखिएको जानकारी दिएका छन्।

'प्रतिनिधि सभा नियमावली २०८३ को परिच्छेद नौ बमोजिमको प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम २०८३ भदौ १० गतेको बैठकमा हुने गरि निर्धारण गरिएको बेहोरा जानकारी गराउँदछु' सभामुख अर्यालले भने।

यसका लागि सभामुख अर्यालले नाम टिपाउने सांसदलाई आग्रह गरेका छन्। 'साथै प्रधानमन्त्रीसँगको प्रत्यक्ष प्रश्नोत्तरको लागि प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने दलको कम्तिमा एक जना माननीय सदस्य हुने गरी बढीमा १५ वटा प्रश्न सोध्न सकिने बेहोरा जानकारी गराउँदछु' अर्यालले भने।

प्रतिनिधि सभा नियमावली अनुसार, हरेक महिनाको पहिलो साता प्रधानमन्त्रीसँग सांसदको प्रश्नोत्तर राख्नुपर्ने व्यवस्था छ। विपक्षी दलका सांसदले त्यही व्यवस्थाअनुसार, प्रधानमन्त्री शाह सांसदमा उपस्थित हुनुपर्ने माग गर्दै आएका थिए।

विपक्षी दलको विरोधपछि



सोमबारकै प्रतिनिधि सभाको बैठकमा सभामुख अर्यालले संसद्मा उपस्थित हुने प्रधानमन्त्री शाहलाई रुलिङ गरेका थिए।

## उपभोक्ता अदालत स्थापना गरिनुपर्छ ..............

जीवनशैलीका कारण नसर्ने रोग बढ्दै गएको उल्लेख गर्दै उनले नागरिकमा स्वास्थ्य, सामाजिक तथा आर्थिक चेतना अभिवृद्धि गर्नुपर्नेमा जोड दिए।

मन्त्री पटेलले राजनीतिक दलले निर्वाचनका बेला विभिन्न प्रतिबद्धता जनाउने तर पूरा नगर्ने प्रवृत्तिबारे समेत प्रश्न उठाउँदै प्रतिबद्धता पूरा नगरेको अवस्थामा कारबाहीको व्यवस्था हुनुपर्ने धारणा राखे।

पत्रकारिता राजनीतिक विषयवस्तुमा मात्र केन्द्रित हुन नहुने बताउँदै उनले शिक्षा, कृषि, स्वास्थ्यलगायतका क्षेत्रका सूचना नागरिकसमक्ष पुर्‍याउन सञ्चारमाध्यमले प्राथमिकता दिनुपर्ने बताए। स्थानीय उत्पादनको प्रयोग बढाउनुपर्नेमा जोड दिँदै मन्त्री पटेलले आयातित वस्तुको प्रयोग बढिरहेकोप्रति चिन्ता व्यक्त गरे। स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न चालु आर्थिक वर्षदेखि उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले विभिन्न कार्यक्रम सञ्चालन गर्ने जानकारी उनले दिए।

कार्यक्रममा उपभोक्ता हित संरक्षण मञ्च नेपालका केन्द्रीय अध्यक्ष ज्योति बाँनियाले उपभोक्ता अदालतको आवश्यकता, उपभोक्ता अधिकार तथा सचेतनाबारे प्रस्तुति दिएका थिए। जनस्वास्थ्य कार्यालय पर्साका स्वास्थ्य अधिकृत धनी सिंहले नसर्ने रोगको अवस्था, कारण र तुलनात्मक तथ्याङ्क प्रस्तुत गरेका थिए।

जिल्ला अदालत पर्साका मुख्य न्यायाधीश महेन्द्रप्रसाद पोखरेलले प्रत्येक उपभोक्ताले स्वच्छ, सफा र गुणस्तरीय वस्तु तथा सेवा उपभोग गर्न पाउनुपर्ने बताए। पर्साका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णजङ्ग थापाले ठगिएका उपभोक्तालाई क्षतिपूर्ति दिलाउन उपभोक्ता अदालत आवश्यक रहेको धारणा राखे।

कार्यक्रममा पर्सा बारकी सचिव प्रतिमा चौरसिया, वरिष्ठ अधिवक्ता रामेश्वर सेढाइँ, प्राध्यापक हरेराम ठाकुरलगायतले वीरगञ्जमा उपभोक्ता अदालत स्थापनाको आवश्यकताबारे धारणा राखेका थिए।

## जनआस्थाका सम्पादक छाड्ने सर्वोच्चको आदेशमा ..............

श्रेष्ठको जिम्मा लगाउन आदेश दिएको हो। र, सर्वोच्च अदालतका सहरजिष्ट्रारको रोहबरमा सामान फिर्ता दिई त्यसको निस्सा समेत मुद्दाको मिसिलमा सामेल गर्न भनेको छ।

कुनै पनि व्यक्ति पक्राउ परेमा त्यो पक्राउ गैरकानूनी हो भन्ने दाबीसहित बन्दी प्रत्यक्षीकरणको निवेदन दायर गरिन्छ। पत्रकार किशोर श्रेष्ठ पक्राउ परेपछि उनकी श्रीमती सरस्वती श्रेष्ठले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको निवेदन दिएकी थिइन्।

सर्वोच्च अदालतले प्रत्यक्ष रूपमा बन्दी प्रत्यक्षीकरणको आदेश जारी नगरे पनि श्रेष्ठलाई पक्राउ गर्नुपर्ने हदसम्मको अवस्था नभएको भन्दै रिहा गर्न आदेश दिएको हो। अब प्रहरीले उनीमाथि अनुसन्धान अघि बढाउनुपर्ने भएमा समेत पक्राउ नगरी तारिखमा राखेर अनुसन्धान गर्नुपर्नेछ।

**सर्वोच्चले किन यस्तो आदेश दियो ?**

नेपालको संविधानको प्रस्तावनामा पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चितता छ। त्यसलाई संविधानको आधारभूत चरित्रको रुपमा परिभाषित गरिएको छ।

संविधानको धारा १९(१)मा उल्लेखित सञ्चारको हकमा कुनै समाचार, सम्पादकीय, लेख रचना वा अन्य कुनै पाठ्य श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्ने वा सूचना प्रवाह गर्ने हक प्रदान गर्नुको साथै प्रकाशनमा पूर्व प्रतिबन्ध नलगाइने व्यवस्था समेत छ।

त्यसका साथै कुनै छापा, विद्युतीय प्रशारण तथा टेलिभिजन लगायतका सञ्चार साधन अवरुद्ध गरिने छैन भनी सञ्चार संस्थाको समाचार प्रकाशन एवं प्रशारण गर्ने हकलाई मौलिक हकका रुपमा संरक्षण भएको भन्दै सर्वोच्च अदालतले त्यस्तो अवस्थामा समाचार प्रकाशित गरेकै आधारमा सम्पादक वा प्रकाशकलाई गिरफ्तार गरी थुनामा राख्न नमिल्ने औंल्याएको हो। प्रकाशन तथा प्रशारण सम्बन्धी हक निरपेक्ष र सीमाविहीन नहुने भन्दै सर्वोच्च अदालतले गाली बेइज्जती, अदालतको अवहेलना तथा सार्वजनिक शिष्टाचार र नैतिकताको प्रतिकूलको काम रोक्न कानुन बन्न सक्ने सीमाबारे व्याख्या गरेको छ।

एक सांसद र उनीसँग जोडिएका अर्का व्यक्तिको निजी क्रियाकलापको विवरण जनआस्था साप्ताहिकको अनलाइन संस्करणले समाचारको रुपमा प्रकाशित गरेको थियो। त्यसपछि ती महिलाले गोपनीयताको हक हनन भएको भनी प्रहरीमा जाहेरी दिएकी थिइन्।

जाहेरीका आधारमा प्रहरीले पत्रकार श्रेष्ठलाई पक्राउ गरेको थियो। जाहेरी दिने व्यक्ति आफैले तस्वीर सामाजिक सञ्जालमा अपलोड गरेको भन्दै सर्वोच्च अदालतले त्यो तथ्यलाई प्रहरीले समेत खण्डन गर्न नसकेको भनेको छ। आफैंले सार्वजनिक गरेको फोटो जनआस्था अनलाइनमा प्रकाशित हुदा कुन हदसम्म गोपनियताको हक उल्लंघन हुने भन्नेबारे पछि मुद्दाकै रोहमा व्याख्या हुने सर्वोच्चको आदेशमा उल्लेख छ।

अर्कोतर्फ पत्रकार किशोर श्रेष्ठ अनलाइन पोर्टलको सम्पादकीय भूमिकामा नभएको भन्दै सर्वोच्च अदालतले उनको जिम्मेवारीको सीमा अनुसार पनि पक्राउ गर्नुपर्नेसम्मको अवस्था नभएको आदेश गरेको हो।

सर्वोच्चले आदेशमा भनेको छ, 'जनआस्था अनलाइन पोर्टलको सम्पादकीय भूमिकामा पत्रकार श्रेष्ठ रहेको नदेखिँदा थुनामै राखी मुद्दाको तहकीकात अनुसन्धान गर्नुपर्ने नदेखिएकाले अनुसन्धान तहकीकात गर्नुपर्ने भए मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ दफा १५ बमोजिम हाजिर जमानीमा छाडी वा तारिखमा राखी मुद्दाको अनुसन्धान गर्नू।'

सर्वोच्च अदालतले पत्रकार श्रेष्ठलाई रिहा गर्न आदेश दिएपनि उनीमाथिको कसुरमा अनुसन्धानमा भने रोक लगाएको छैन। सर्वोच्च अदालतले जाहेरीलाई सन्दर्भका रूपमा लिँदै आदेशमा भनेको छ, 'सञ्चार संस्थाको समाचार प्रकाशन सम्बन्धी हक र वैयक्तिक गोपनियताको हकको दायरा एवं सीमा के कति हुने भन्ने स्पष्ट रूपमा परिभाषित हुनुपर्ने देखिन्छ।'

प्रकाशित समाचारले उजुरीकर्ताको वैयक्तिक गोपनियताको हक उल्लंघन भएको वा नभएको भन्नेबारे मुद्दाको अनुसन्धान गरी मुद्दा चलेकै बेला निर्क्यौल हुने भन्दै सर्वोच्चले अहिले त्यसबारेमा बोल्नु आवश्यक नहुने निष्कर्ष निकालेको हो।


माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# धानको न्यूनतम समर्थन मूल्य बढाउन सांसद यादवको माग

**अपन दैनिक संवाददाता**
**काठमाडौं, भदौ ०१ गते**

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद पुरुषोत्तम यादवले धानको न्यूनतम समर्थन मूल्य बढाउन माग गरेका छन्।

प्रतिनिधि सभाको सोमबारको बैठकमा बोल्दै उनले तराईमा उत्पादन हुने बासमती धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल १० हजार रुपैयाँ र बगलीया धानको न्यूनतम समर्थन मूल्य कम्तीमा ५ हजार रुपैयाँ निर्धारण गर्न माग गरेका हुन्।

उनले अन्य जातका धानको समेत उचित समर्थन मूल्य तोक्न सरकारको ध्यानाकर्षण गराएका छन्। किसानले मल, बिउ र सिँचाइको अभाव झेलिरहेको भन्दै कृषि उत्पादनका लागि आवश्यक सामग्री सहज रूपमा उपलब्ध गराउन सांसद यादवले सरकारसँग आग्रह गरेका छन्। किसानले उत्पादन गरेको कृषि उपजको उचित मूल्य नपाउँदा ऋणको भार बोक्न बाध्य भएको भन्दै उनले कृषि बिमा कार्यक्रम प्रभावकारी बनाउन समेत माग गरेका छन्।

'किसानका समस्या मैले मेरै आँगनमा देखेको छु। कयौं दिन लाइन बस्दा पनि मल नपाएर रित्तै हात फर्केका किसानका मलिन अनुहार, सिँचाइ अभावमा सुक्दै गएका धानका खेतले मलाई दुःखित बनाएको छ,' सांसद यादवले भने, 'रातदिन नभनी खेतमा सुन फलाउने किसान उचित मूल्य नपाएर ऋणको भारी बोक्न बाध्य छन्। त्यसैले तराईमा खेती हुने बासमती धानको समर्थन मूल्य प्रतिक्विन्टल १० हजार र बगलीया धानको समर्थन मूल्य प्रतिक्विन्टल कम्तीमा पाँच हजार कायम गरियोस्। अरू धानको समेत उचित मूल्य तोकियोस् भनी म



सरकारसँग जोडदार माग गर्दछु।'

उनले अगाडि भने, 'बिउ, मल र सिँचाइ सहज बनाइयोस्। साथै कृषि बिमा र उपजको उचित मूल्य तोकी किसानको स्तर उकासियोस्।' सांसद यादवले किसानको जीवनस्तर उकास्न बिउ, मल, सिँचाइ, कृषि बिमा र कृषि उपजको उचित मूल्य निर्धारणलाई प्राथमिकतामा राख्न सरकारसँग जोडदार माग गरेका छन्।




# अबको महाधिवेशनमा आफूलाई हराएर नेतृत्व लिन गगनको चुनौती

**अपन दैनिक संवाददाता**
**काठमाडौं, भदौ ०१ गते**

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले आफ्नो नेतृत्व र अनुहारका कारण पार्टीले अपेक्षित मत प्राप्त गर्न नसकेको भनी भइरहेको आलोचनाप्रति टिप्पणी गरेका छन्।

सोमबार ललितपुरको सानेपास्थित पार्टी केन्द्रीय कार्यालयमा जारी केन्द्रिय कार्यसमितिको बैठकमा बोल्दै उनले असन्तुष्ट पक्षलाई विशेष महाधिवेशनमार्फत नेतृत्वको विकल्प खोज्न चुनौती दिएका हुन्।




सभापति थापाले गगन थापाको अनुहार देखाएकै कारण कांग्रेसले मत नपाएको हो भन्ने निष्कर्ष हो भने अर्को उम्मेदवार खडा गरेर आफूलाई नेतृत्वबाट हटाउन समेत चुनौती दिए।

'मेरो अनुहारका कारण भोट नआएको र मेरो ठाउँमा अरू कसैको अनुहार भएको भए धेरै भोट आउँथ्यो भन्नेकुरा पनि उठेको रहेछ। होला पनि। त्यसो हो भने यही विषय अधिवेशनमा लिएर गए हुन्छ। महाधिवेशनमा अर्को साथीले नेतृत्वका लागि प्रतिस्पर्धा गर्न सक्नुहुन्छ र मलाई हराएर पार्टीको नेतृत्व सम्हाल्न सक्नुहुन्छ,' थापाले भनेका छन्।

थापाले लोकतान्त्रिक प्रक्रियाबाट नेतृत्व परिवर्तन गरी पार्टीको बागडोर सम्हाल्न असन्तुष्ट पक्षलाई आह्वान गरे। उनले पार्टीको अधिवेशनलाई समावेशी, न्यायपूर्ण र निष्पक्ष बनाउनका लागि आफू जुनसुकै शर्त र प्रक्रियामा छलफल गर्न तयार रहेको स्पष्ट पारे।

'त्यसका लागि अधिवेशनमा सबैको सहभागिता, निष्पक्षता र समान अवसर सुनिश्चित हुने वातावरण बनाउनुपर्छ। के-कस्ता सर्त र प्रक्रियाले सबैलाई अधिवेशन निष्पक्ष र न्यायपूर्ण भएको महसुस हुन्छ, त्यसका लागि हामी छलफल गर्न र आवश्यक व्यवस्था गर्न तयार छौं। हामीले भन्दै आएका छौं, अधिवेशन सबैको सहभागीता र निष्पक्ष प्रतिस्पर्धाका आधारमा हुनुपर्छ' उनले भने।

उनले पार्टीभित्रको आन्तरिक लोकतन्त्रलाई बलियो बनाउन र नेतृत्वको विषयलाई पारदर्शी ढङ्गले टुङ्ग्याउन आफू सधैं सकारात्मक रहेको उल्लेख गरे।

## मधेश प्रदेशमा एक वर्षमै ४ पटक सत्ता परिवर्तन ...............

आफ्नो स्वामित्व हो भनी दाबी गर्नु र त्यसलाई दीर्घकालीन बनाउनुको साटो आफ्नो स्वार्थसिद्ध गर्नतर्फ लाग्दा अहिले बाटो बिराएको अवस्था छ।'

संघीयताले अहिलेसम्म केही गरेन भन्ने भाष्य संघीयता विरोधीहरूको प्रोपोगान्डा रहेको औंल्याउँदै उनले २० वर्षअघि र अहिलेको तथ्याङ्क हेर्ने हो भने सबै क्षेत्रमा आमूल परिवर्तन आएको बताए। यद्यपि जति हुनुपर्ने थियो, त्यति भने हुन नसकेको उनको भनाइ छ।

'अहिलेको व्यवस्थाले जनतालाई आफ्नो राज्य आफैं सञ्चालन गर्ने अधिकार दिएको छ, त्यो व्यवस्था कसरी खराब हुन सक्छ ?' उनले भने, 'यो कुरा जनतामाझ प्रचारात्मक शैलीमा लिएर जानुपर्ने समकालीन दायित्व प्रदेश सरकार र दलहरूको भए पनि त्यता तर्फ ध्यान नदिएकोमा मेरो गुनासो छ।'

# उम्मेदवार छान्न रास्वपाको 'क्यान्डिडेट क्लब' सञ्चालनमा

**अपन दैनिक संवाददाता**
**काठमाडौं, भदौ ०१ गते**

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले स्थानीय तह निर्वाचनमा उम्मेदवार बन्न चाहने आकांक्षीको मूल्यांकन र छनोटका लागि 'क्यान्डिडेट क्लब' सञ्चालनमा ल्याएको छ। सोमबार चःमतिस्थित पार्टी केन्द्रीय कार्यालयमा सभापति रवि लामिछानेले 'क्यान्डिडेट क्लब'को घोषणा गरेका हुन्।

उनले उम्मेदवार छनोटअघि आकांक्षीको कानुनी, आर्थिक, सामाजिक तथा पारिवारिक अवस्थालगायत विषयको मूल्यांकन गरी योग्य र सक्षम प्रतिनिधि छनोटमा सहयोग पुऱ्याउने उद्देश्यले 'क्यान्डिडेट क्लब' सञ्चालनमा ल्याइएको जानकारी दिए।

स्थानीय तहको उम्मेदवार बन्नुअघि उम्मेदवारको राजनीतिक तथा अन्य मापदण्ड क्यान्डिडेट क्लबमा जाँच गरिने पनि उनले बताए।

'नेतृत्वमा आएका कयौं मानिसहरूका कयौं कुराहरू उठ्दै आउँछन्। त्यसकारणले 'क्यान्डिडेट क्लब' भित्र ल्याएर ती सबै कुराहरूलाई हेरेर राजनीतिक रूपमा, सामाजिक रूपमा र अन्य मापदण्डका आधारमा उम्मेदवार चयन गर्नको लागि यो क्लब गठन गरिएको हो,' सभापति लामिछानेले भने, 'सुरुवातमा हामी गाउँपालिकाबाट सुरु गर्दैछौं। गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र गाउँपालिका अन्तर्गतका वडा, वडाका अध्यक्षलगायतका जति पनि पदहरू राजनीतिक पद छन्। त्यसका लागि आवेदन आजबाट औपचारिक रूपमा खुला गर्न गइरहेको छौं आजदेखि आउँदो स्थानीय तह निर्वाचनमा गाउँपालिकामा उम्मेदवारी दिने सबैले पार्टीको क्याण्डिडेट क्लबमा आवेदन दिनसक्नुहुनेछ।'

गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्य पदका उम्मेदवारले सोमबारदेखि आवेदन दिनसक्ने समेत उनको भनाइ थियो। राष्ट्रिय स्वतन्त्र पार्टीको मोबाइल एप्स 'आरएसपी' गएर आवेदन दिन सकिने उनले जानकारी गराए।

पार्टीलाई आवश्यक नेतृत्व खोज्ने प्रक्रियामा 'मेरिटोक्रेसी' कायम गर्न 'क्याण्डिडेट क्लब' र 'लिडरसिप एकेडेमी'को अवधारणा अघि सारिएको उनले बताए।

'पार्टीलाई आवश्यक परेको नेतृत्वको खोजी गर्ने राजनीतिसँगैको एउटा मेरिटोक्रेसीको बिन्दु के होला भन्ने सोचेर हामीले 'क्यान्डिडेट क्लब' र 'लिडरसिप एकेडेमी'को अवधारणा



ल्याएका हौं। यो एउटा दलको लागि मात्र नभई नेपालको समग्र राजनीतिमा योगदान दिन सकिन्छ कि भनेर ल्याइएको हो,' सभापति लामिछानेले भने, 'उम्मेदवार बन्नका लागि आवश्यक पर्ने कतिपय अवस्थामा केही कानुनी झमेलामा पो छ कि ? केही आर्थिक वा सामाजिक किसिमका अप्ठ्याराहरू पो छन् कि ? पारिवारिक किसिमका झमेलाहरूमा पो छ कि ? भन्ने कुरा जान्न जरुरी रहेछ।'

सभापति लामिछानेले 'क्यान्डिडेट क्लब'लाई रास्वपाभित्रको उम्मेदवार छनोटको प्रक्रियामा मात्र सिमित नराखी समग्र नेपाली राजनीतिमा योगदान पुऱ्याउने उद्देश्यले ल्याइएको बताएका छन्।

## सप्तरीमा दैनिक ९ जनासम्म सर्पदंशले पीडित ..............

अधिकारी दिपेन्द्रकुमार यादवले बताए। उनकाअनुसार सबैभन्दा बढी साउनमा मात्रै ८७ जना सर्पदंशका कारण पीडित भएका छन् भने त्यसअघि वैशाख, जेठ र असारमा पनि ७६ जनालाई सर्पले डस्दा उपचारका लागि आएका थिए।

'वर्षा, बाढी र बढ्दो गर्मीका कारण दुलोभित्र रहेका सर्प जमिन बाहिर आउने भएकाले यो बेलामा वर्षेनी सर्पदंशको प्रकोप बढ्दो नै रहन्छ,' सूचना अधिकारी यादवले भने, 'हामीसँग तत्कालै पुग्नसक्ने एन्टिस्नेक भेनम (उपचारमा प्रयोग हुने औषधि) त छ तर यो अत्यन्तै कम हो। बेलैमा एन्टिस्नेक भेनम उपलब्ध भएन भने उपचारमा समस्या हुनसक्छ।'

अस्पतालका जिन्सी फाँट प्रमुख नायब सुब्बा रेमन्तकुमार यादवकाअनुसार यहाँ १ सय ४० भाइल एन्टिस्नेक भेनम रहँदा गत बुधबार रामकुमार शारदा उमाप्रसाद मुरारका प्रादेशिक अस्पताल सिरहालाई ३० भाइल हस्तान्तरण गरिएको छ। 'यसअघि हामीले पनि अर्कै स्थानबाट एन्टिस्नेक भेनमको व्यवस्थापन गरेका थियौं' उनले भने, 'अहिले हामीसँग लगभग एक सय भाइल एन्टिस्नेक भेनम छ तर यो प्राप्त होइन।'

प्रहरीको तथ्यांक हेर्दा साउनमा मात्रै सर्पदंशका कारण यहाँ तीन जनाले अनाहकमा ज्यान गुमाइसकेका छन्। सर्प डसेर साउन १९, २४ र २६ मा एक/एक जनाको ज्यान गएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी हेमराज घिमिरेले बताए। उनका अनुसार गत वर्षमा पनि यहाँ सर्पदंशका कारण ८ जनाले ज्यान गुमाएका थिए।

**नागरिकमैत्री: सार्वजनिक सेवा**

- सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं।
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं।
- सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रूपमा उपलब्ध गराऔं।
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं।
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं।
- सुशासन, इमानदारीता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात् गरौं।
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔं।

**सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

